का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ भदौ २०८१,
शुक्रबार
23 August, 2024
Friday
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १९२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# विश्वप्रकाशको प्रस्तावले कांग्रेसमा अप्ठ्यारो

प्रधानमन्त्रीमा दुई पटक, मन्त्रीमा तीन पटक र सांसदमा चार पटकको हदम्याद राख्ने गरी महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक अवकाशको प्रस्ताव ल्याएपछि नेपाली कांग्रेसभित्र तरंग पैदा भएको छ । पार्टी सभापति शेरबहादुर देउवा पक्ष खुलेर यसको विरोधमा लाग्दा महामन्त्री गगन थापा कतै खुल्न सकिरहेका छैनन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

नेपाली कांग्रेसको केन्द्रीय समितिको शुक्रबारबाट पुनः सुरु हुँदैछ । साउन २३ गतेदेखि २८ गतेसम्म चलेको बैठक १० दिनका लागि स्थगित भएर पुनः बस्न लागेको हो । कांग्रेस नेताहरू अब बस्ने बैठकमा नेताहरूको अवकाशबारे छलफल हुने बताउँछन् ।

प्रधानमन्त्रीमा दुई पटक, मन्त्रीमा तीन पटक र सांसदमा चार पटकको हदम्याद राख्ने गरी महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक अवकाशको प्रस्ताव ल्याएपछि नेपाली कांग्रेसभित्र तरंग पैदा भएको छ ।

पार्टी सभापति शेरबहादुर देउवा पक्ष खुलेर यसको विरोधमा लाग्दा महामन्त्री गगन थापा कतै खुल्न सकिरहेका छैनन् । शर्मा पक्षधर नेताहरू पार्टी सभापतिमा दुई पटकको हदम्याद रहेको, राष्ट्रपतिमा दुई पटकको हदम्याद रहेकोले अब यो नीतिलाई प्रधानमन्त्री, सांसद र मन्त्रीका हकमा समेत लागू हुनुपर्ने तर्क गरिरहेका छन् ।

तर, सभापति देउवा पक्षधर नेताहरू जबजस्ती यति पटक प्रधानमन्त्री, मन्त्री र सांसद हुन पाउने भनेर जानु राजनीतिक नहुने तर्क गरिरहेका छन् ।

पार्टी सभापति शेरबहादुर देउवा पक्ष खुलेर प्रधानमन्त्रीमा दुई पटक, मन्त्रीमा तीन पटक र सांसदमा चार पटकको हदम्याद राख्ने प्रस्तावको विरोधमा लाग्दा महामन्त्री गगन थापा कतै खुल्न सकिरहेका छैनन् ।

यही रस्साकस्सीका बीच १० दिन स्थगित भएको कांग्रेसको केन्द्रीय समितिको बैठक पुनः बस्न लागेको हो ।

यसअघि केन्द्रीय समिति बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीति, पृष्ठ २ मा



# सांसद नै जाँदैनन् संसद !

विधि निर्माण गर्ने जिम्मेवारीका लागि जनताद्वारा चुनिएका प्रतिनिधिहरू संसदको बैठकमा 'गयल' हुनु भनेको आफ्नो मूल जिम्मेवारीप्रति उदासीन हुनु हो । आफ्नो दलको काम परे अथवा पार्टीले ह्विप जारी गरेको खण्डमा मात्रै सदनमा हाजिरी जनाउने सांसदहरूको संख्या कर्णाली प्रदेश सभामा बढ्दो छ ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ६ भदौ ।

संसद कानून बनाउने अनि नागरिकका हकहितको बिषयमा बहस गर्ने थलो हो । कानून बनाउने र नीतिगत छलफल गर्नका लागि प्रदेश सभा बैठक आह्वान हुन्छ । सांसदहरूको अध्ययनशील तर्कले बलियो र पारदर्शी विधान निर्माण हुन्छ । तर जनताले चुनेर पठाएका प्रतिनिधिहरू नियम बनाउने थलो संसद् बैठकमै अनुपस्थित हुने गरेका छन् ।



विधि निर्माण गर्ने जिम्मेवारीका लागि जनताद्वारा चुनिएका प्रतिनिधिहरू संसदको बैठकमा 'गयल' हुनु भनेको आफ्नो मूल जिम्मेवारीप्रति उदासीन हुनु हो । आफ्नो दलको काम परे अथवा पार्टीले ह्विप जारी गरेको खण्डमा मात्रै सदनमा हाजिरी जनाउने सांसदहरूको संख्या कर्णाली प्रदेश सभामा बढ्दो छ ।

गत आर्थिक वर्ष कर्णाली प्रदेश सभाका ४९ वटा बैठकमा एक जना बाहेक अरू सबै सांसद कुनै न कुनै बैठकमा गलय देखिएको प्रदेश सभा सचिवालयले दिएको तथ्यांकमा उल्लेख गरिएको छ । जसमा ४९ वटै बैठकमा हालका मुख्यमन्त्री यामलाल कँडेल मात्रै उपस्थित भएका छन् । यी मध्ये सबैभन्दा कम बैठकमा सहभागिता जनाउनेमा अहिलेका अर्थमन्त्री राजीवविक्रम शाह, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद सन्तोषी शाही छन् । शाहले वर्षभरि जम्मा २० वटा बैठकमा मात्रै आफ्नो उपस्थिति जनाएका छन् । मन्त्री हुनुअघि उनी प्रायः काठमाडौँमा हुने गर्दथे । यद्यपि शाहले भत्ता, पारिश्रमिक तथा सेवा, सुविधा भने पूरा लिइरहेका छन् ।

यस्तै राप्रपा सांसद शाहीको प्राथमिकतामा संसद परेको देखिन्न । उनी वर्षभरि जम्मा ३० वटा बैठकमा मात्र उपस्थित भएकी छन् ।

यस्तै कांग्रेस सांसद जानकी सिंह पनि बैठकमा कम उपस्थित हुने गरेकी छन् । उनी ३७ वटा प्रदेश सभा बैठकमा मात्रै उपस्थित छन् ।

यस्तै पूर्व मुख्यमन्त्री एवं माओवादी संसदीय दलका नेता राजकुमार शर्मा, एमाले पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सीप र आधारभूत भाषागत ज्ञान सिकाएर मात्र विदेशमा कामदार पठाउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय आप्रवासन संस्था (आईओएम)बीच सीप र आधारभूत भाषागत ज्ञान सिकाएर मात्र वैदेशिक रोजगारीमा नेपाली कामदार पठाउने विषयमा छलफल भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग अन्तर्राष्ट्रिय आप्रवासन संस्थाका निर्देशक जोसेफ सामुयल अपिआहले बिहीबार गरेको शिष्टाचार भेटमा उक्त छलफल भएको हो । भेटका अवसरमा अन्तर्राष्ट्रिय आप्रवासन संस्था र श्रम मन्त्रालयबीच भएका र हुनसक्ने समन्वय र सहकार्यका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । शिष्टाचार भेटमा मन्त्री भण्डारीले नेपालबाट विदेशमा गइ काम गरिरहेका श्रमिकहरुको हक अधिकार सुनिश्चित गर्नका लागि अन्तर्राष्ट्रिय संस्थाहरुको समेत महत्वपूर्ण भूमिका रहने बताए । उनले सीप र आधारभूत भाषागत ज्ञान सिकाएर मात्र वैदेशिक रोजगारीमा नेपाली कामदार पठाउने विषयमा आन्तरिक तयारी रहेको जानकारी गराएका छन् ।

भेटमा आईओएमका निर्देशक जोसेफले नेपाल सरकारको आप्रवासन नीति कार्यान्वयनमा अन्तर्राष्ट्रिय आप्रवासन संस्था सधैं सकरात्मक रहेको र सहयोगका लागि तत्पर रहेको बताएका छन् ।

त्यसैगरी मन्त्री भण्डारीसँग जापानी सहयोगी संस्था कोईका आवासीय निर्देशक किम हायुन क्यूले शिष्टाचार भेट गरेका छन् । भेटमा नेपाली कामदार लैजान जापानी परियोजना 'खामी'को सहयोगका लागि निजी बैंकहरुसँग सहकार्य गर्ने तथा अन्तर्राष्ट्रिय स्तरको सीप भएका पृष्ठ २ मा

## कतारमा नेपालीका लागि ट्राफिक सचेतना कार्यक्रम



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ भदौ

कतारको गृह मन्त्रालय मातहत रहेको ट्राफिक महानिर्देशनालयले नेपाली समुदायका लागि ट्राफिक सचेतना कार्यक्रम सम्पन्न गरेको छ । गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको समन्वयमा बुधबार पृष्ठ २ मा

# बहसमा अख्तियारको क्षेत्राधिकार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

अख्तियारलाई निजी क्षेत्रमा प्रवेश नदिन नेपाल उद्योग वाणिज्य महासंघले आग्रह गरेको छ । भ्रष्टाचार निवारण ऐन २०५९ को संशोधन विधेयकमा रहेको अख्तियारको क्षेत्राधिकारमा चासो राख्दै महासंघले प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पत्र नै पठाएको छ ।

'कम्पनी र बैंक जस्ता शब्दहरु हटाइनुपर्ने । नहटाउनु हो भने नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व रहेको कम्पनी/बैंक भनिनुपर्ने' उद्योग वाणिज्य महासंघले राज्य व्यवस्था तथा सुशासन समितिलाई दिएको पत्रमा उल्लेख छ ।

'प्रस्तुत संशोधन विधेयकहरु यथास्थितिमा पारित भएमा निजी क्षेत्रलाई प्रत्यक्ष असर पर्ने मात्र होइन नेपालको संविधानको धारा २३९ प्रतिकुल समेत जान्छ' महासंघले राज्य व्यवस्था समितिलाई लेखेको पत्रमा उल्लेख छ ।

संविधानको धारा २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।'

> अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारको विषयमा बहस चलिरहेका बेला उद्योग वाणिज्य महासंघले निजी क्षेत्रमा प्रवेश गरे त्यो संविधान विपरीत हुने र आफूहरु कानूनी उपचारका लागि अदालत जाने चेतावनी दिएको हो ।

यसअन्तर्गत अख्तियारको क्षेत्राधिकारभित्र निजी क्षेत्र नपर्ने दाबी उद्योग वाणिज्य महासंघले गरेको हो ।

महासंघले पत्रमार्फत भनेको छ, 'प्रस्तावित दफाले निजी क्षेत्रका व्यक्ति र कम्पनीलाई आयोगको कार्यक्षेत्रभित्र समेट्न ल्याइएका हुँदा थप गरिएको व्यवस्था नेपालको संविधानको धारा २३९ मा भएको व्यवस्था विपरित भएको तथा लगानी समेत निरुत्साहित हुने हुँदा खारेज हुनुपर्छ ।' महासंघले निजी क्षेत्रमा समेत अख्तियार प्रवेश गर्न सक्ने गरी प्रस्तावित व्यवस्था हटाउन माग गरेको छ । 'कम्पनी र बैंक जस्ता शब्दहरु हटाइनुपर्ने । नहटाउनु हो भने नेपाल सरकारको पूर्ण वा आशिंक पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
७ भदौ २०८१, शुक्रबार
23 August 2024, Friday

### दश वटै स्थानीय तहको समीक्षा

# जिम्मेवार पहिचान गरेर सहकार्य गर्न सुझाव

**सपना बोहरा/मध्यान्ह**
दाङ, ६ भदौ

दाङका दश वटै स्थानीय तहले समीक्षा गरेका छन् । राजपुर गाउँपालिका, बबई गाउँपालिका, राप्ती गाउँपालिका, गढवा गाउँपालिका, बंगलाचुली गाउँपालिका, दंगीशरण गाउँपालिका, शान्तिनगर गाउँपालिका, लमही नगरपालिका, घोराही उपमहानगरपालिका र तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा गरेका हुन् । समीक्षा गोष्ठीमा सहभागी जनप्रतिनिधिहरुले समन्वयको अभाव भएको बताएका थिए । प्रत्येक कार्यालयहरु एक अर्काबीच समन्वय नभएको र प्रदेश तथा संघबीच पनि समन्वय हुन नसकेको समीक्षा गरिएको छ ।



दश वटै स्थानीय तह, अन्य सरकारी तथा गैर सरकारी कार्यालयका दुईदिनसम्म चल्ने समीक्षा गोष्ठीको उद्घाटन गर्दै प्रमुख अतीथि लुम्बिनी प्रदेशका उद्योग,पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वयको अभाव देखिएको बताए ।

देश संघीयतामा गइ सकेपनि विभिन्न नीति नियमहरु संविधानले प्रदान गरेपनि त्यो अनुसारका काम हुन नसकको उनको भनाइ छ । अस्थिर राजनीति र सरकारका तीन वटा अंग स्थानीय, प्रदेश र संघमा समन्वयको अभाव हुँदा विकास निर्माणका कामहरुले तीव्र गति लिन नसकेको बताए ।

'एक कार्यालय र अर्को कार्यालयबीच समन्वय नभएको यी कारणहरुले देखाउँछ' प्रमुख अतिथि न्यौपानेले भने, 'यो विषयमा गम्भीर समीक्षा गर्नुपर्ने छ ।' सबै तहको समन्वय भएमा परिणाममुखी काम हुन सक्ने उनले बताए ।

'समृद्ध दाङ बनाउने विषयमा होस् वा नागरिकको काम गर्ने विषय होस्' उनले भने 'सबैले अनुभूती गर्ने खालको हुनुपर्छ ।'

मन्त्री न्यौपानेले जनप्रतिनिधिहरुले इमानदारीपूर्वक जिम्मेवार सम्हालेमा जनताले स्थानीय सरकारको प्रत्याभूति हुने बताए । धेरैजसो अधिकार स्थानीय तहमा हुने हुँदा आफ्नो जिम्मेवार पहिचान गरेर काम गर्न उनले सुझाव दिए । 'धेरै अधिकार स्थानीय तहमा नै छ' उनले भने,'आफ्नो जिम्मेवार पहिचान हुन नसकेको पो हो कि ?' गोष्ठीमा घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीलेले स्थानीय, प्रदेश र संघसँग समन्वय नभएको बताए । 'हामी स्थानीय सरकारमा छौं, हाम्रो भूमिका स्थानीय स्तरको हुन्छ' कार्यक्रममा उनले भने, 'यहाँ समन्वय नहुँदा जनताको काम गर्न समस्या परिरहेको हुन्छ ।'

समन्वय र सहकार्य कसले गर्ने भन्ने विषयमा बारम्बार प्रश्न उठ्ने गरेको उनले बताए । सडक निर्माण गर्दा एउटा विद्युतको पोल सार्न वर्ष दिन लाग्छ, ' गोष्ठीमा उनले भने 'यस्तो तरिकाले देशको विकास कसरी हुन्छ ।' समन्वयको अभाव हुँदा दुबै पक्षलाई काम गर्न समस्या हुने उनले बताए ।

गोष्ठीमा राजपुर गाउँपालिकाकी उपाध्यक्ष धनपती यादवले सिमित श्रोत र साधनमा रहेर स्थानीय तह चल्नुपर्ने र प्रदेश तथा संघसँग पनि समन्वय गरेर काम गर्नुपर्ने बताइन् । 'हामीसँग सिमित श्रोत छ, जनताको अपेक्षा धेरै छन्,'उनले भनिन्, 'ती अपेक्षा पुरा गर्नको लागि संघ, प्रदेशसँग समन्वय गर्नुपर्छ ।' अझै पनि आफ्नो गाउँपालिकामा फोन र सडकको सुविधा नभएको उनले बताइन् । जिल्ला समन्वय समिति दाङको आयोजनामा भएको गोष्ठीमा जिल्ला समन्वय समितिका प्रमुख नित्यान्द शर्माको अध्यक्षता सम्पन्न भएको हो ।

# एडिबीले नेपाललाई थप सहयोग गर्ने

**काठमाडौं/मस–** एसियाली विकास बैंक (एडिबी)ले नेपाललाई थप सहयोग गर्ने भएको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँगको भेटमा एडिबीका कार्यकारी निर्देशक सुपक चाइयावानले नेपालसँगको विकास साझेदारी रणनीतिमार्फत थप सहयोग गर्ने जानकारी दिएको हुन । सन् २०२५ देखि २०२९ सम्म सञ्चालन हुने विकास साझेदारी रणनीतिमार्फत एडिबीले तीन तहको सरकारको क्षमता अभिवृद्धि, निजी क्षेत्रलाई प्रोत्साहन र शिक्षा क्षेत्रमा सहयोग गर्नेछ । विश्व बैंकसँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

अर्थमन्त्री पौडेलले एडिबीको सहयोगबाट सञ्चालित कार्यक्रमहरु प्रभावकारी रुपमा अघि बढ्ने विश्वास व्यक्त गरे । एडिबीका कार्यकारी निर्देशक चाइयावानले नेपालको अर्थतन्त्र समस्यामा रहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलको नेतृत्वमा अर्थतन्त्र गतिशिल हुने विश्वास व्यक्त गरेका छन् । एडिबीले नेपालमा पूर्वाधार विकास, शिक्षा, वातावरण लगायतका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको छ ।

## विश्वप्रकाशको...

महामन्त्री थापाले सांगठनिक र अर्का महामन्त्री शर्माले समसायिक प्रतिवेदन पेश गरेका थिए । महासमिति बैठकको सुझाव र बदलिएको राजनीतिक घटनाक्रम अनुसार तीन नेताले प्रतिवेदन संशोधन सहित पेश गरेका हुन् ।

शुक्रबारबाट पुनः सुरु हुने बैठकमा केही केन्द्रिय समिति, केही पूर्व पदाधिकारी सहित वर्तमान पदाधिकारीका बोल्ने छन् ।

नेताहरूका अनुसार महामन्त्री विश्वप्रकाश शर्माले प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री सांसदको कार्यकाल तोक्नुपर्ने गरी आएको प्रस्तावको पक्ष र विपक्षमा मतहरु आएका छन् । विधान वा कांग्रेसको नीतिमा यस्तो कुरा लेख्न मिल्ने कुरा होइन भन्ने र राजनीतिक अवकाश दिनुपर्छ भन्ने मत प्रकट भएको छ । यही मतले समाजमा बहस सिर्जना गरिएछि यसअघि १० दिन बैठक नै स्थगित गरिएको हो ।

अबको बैठकमा पनि यही विषयमा ज्यादा छलफल हुने नेताहरू बताउँछन् । यसअघि विधान संशोधनका लागि सुझाव कार्यदलका बारेमा पनि विषय उठेको थियो । नेताहरूका अनुसार विधान संशोधनका लागि एउटा नयाँ समिति बन्ने सम्भावना छ । विधान कहाँ के संशोधन गर्ने सम्पूर्ण कुरा समितिले गर्छ । यो कुरा पार्टी बैठकमा उठेको छ ।

महामन्त्रीद्वय गगन थापाद्वारा प्रस्तुत निर्वाचनमा गठबन्धन नगर्ने र महाधिवेशनको मिति समेटिएको प्रतिवेदनले पनि बहस सिर्जना गरेको छ । निर्वाचनका समयमा गरिने गठबन्धनका विषयलाई लिएर चित्त दुखाउन पुगेको भनिएको नेकपा माओवादी कांग्रेसको महासमिति बठकयता एक चरण एमालेसँग सत्ता सहकार्य गर्दै पुनः अहिले विपक्षमा पुगेको भने कांग्रेस-एमाले बीच अहिले सत्ता सहकार्य छ ।

यो विषयमा पनि शेरबहादुर देउवा पक्ष रुष्ट छ । निर्वाचनमा गठबन्धन गर्ने/नगर्ने विषय तत्कालीन र रणनीतिक हुने भएकाले धेरै अगाडि घोषणा गरेर जान नहुने कतिपय नेताहरूको तर्क रहेको छ ।

## सांसद...

सांसद तथा अहिलेका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाह, पूर्व कृषि मन्त्री तथा माओवादी सांसद भीम प्रकाश शर्मा, काँग्रेस सांसद कृष्णकुमार बिसी ३६ वटा बैठकमा सहभागी भएका छन् ।

एमाले सांसदसमेत रहेका अहिलेका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री शेरबहादुर बुढा र माओवादी सांसद उर्मिला विश्वकर्मा समान ३८ वटा बैठकमा सहभागी छन् भने नेकपा एकीकृत समाजवादीका सांसद कल्याणी खड्का ३९ बैठकमा उपस्थित भएको प्रदेश सभा सचिवालयले जनाएको छ ।

निलम्बित काँग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही १५ वटा बैठकमा सहभागी छन् । उनी निलम्बनमा परेसँगै ०८० चैत अन्तिम सातापछिका संसद बैठकमा सहभागी छैनन् । काँग्रेस सांसद सुरेश अधिकारी, माओवादी सांसद विन्दमान विष्ट ४०, माओवादी सांसद मङ्गल शाही ४१, सांसद महेन्द्र केसी र पूर्णबहादुर खत्री ४२ वटा बैठकमा उपस्थित छन् ।

अहिलेका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, सांसद खड्गबहादुर पोखेल, इन्द्राकुमारी शाही, कलबहादुर हमाल ४३, जीतबहादुर मल्ल, तुलसा मल्ल, दक्षिणा शाही, देवेन्द्रबहादुर शाही, विजया बुढा ४४ बैठकमा उपस्थित भएका छन् ।

काँग्रेसका प्रमुख सचेतक हिक्मतबहादुर विष्ट, बलिमाया बुढा, लक्ष्मी सुनार ४५ वटा बैठकमा उपस्थित छन् ।

यस्तै जुम्कित लामा कार्की, माओवादी प्रमुख सचेतक कृष्णबहादुर जिसी, वीरबहादुर शाही ४६ वटा बैठकमा सहभागी छन् भने दुर्गबहादुर रावत, उपसभामुख यशोदा न्यौपाने, रणसिंह परियार ४७ बैठकमा सहभागी छन् ।

४८ वटा बैठकमा सहभागी हुनेमा माओवादी सांसद मिलन खड्का रोक्का, एमाले प्रमुख सचेतक टेकराज पछाई र गमता विक छन् । प्रति बैठक सांसदहरूले ८ सय ५० भत्ता पाउँछन् । प्रदेश सभा बैठकमा उपस्थित हुन नसक्दा सामान्यतया सांसदले आफ्नो संसदीय दलमा जानकारी गराउने अभ्यास छ ।

तर, कतिपय सांसदले उपस्थिति नहुनेबारे दलमा समेत जानकारी नदिएको दलका सचेतकहरू बताउँछन् । नीति निर्माण गर्ने थलोमा गम्भीर र तथ्यपरक ढंगले प्रस्तुत हुनुपर्ने जिम्मेवारीबाट सांसद टाढिनु भनेको जनताप्रति बेइमानी गरेको सरोकारलाहरुको भनाइ छ । पदीय दायित्व भुलेर आफ्ना काममा मात्र ध्यान दिने र संसद्मा उपस्थित नदेखाउने सांसदहरूबाट जनताले बढी अपेक्षा गर्न नहुने धेरैको बुझाइ छ ।

कानून निर्माणका लागि जनताबाट चुनिएर गएका सांसद नै आफ्नो दायित्वबाट विमुख मात्रै होइन महत्त्वपूर्ण छलफलमै उपस्थित नहुने गरेको पाइएको हो । कानून निर्माणको अभिभारा बोकेर गएका सांसदहरूको संसदम उल्लेख्य अनुपस्थिति नहुनुले संसदको गरिमा कायम हुन नसक्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

## सीप ...

नेपाली कामदार पठाउनका लागि सहकार्य गर्ने सम्बन्धमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

छलफलमा मन्त्री भण्डारीले सीपयुक्त जनशक्ति पठाउने विषयमा छलफल भएको र त्यसमा मन्त्रालय तत्पर रहेको जानकारी दिएको मन्त्रालयका प्रवक्ता सहसचिव गोविन्द प्रसाद रिजालले उल्लेख गरेका छन् ।

## कतारमा....

साँझ उक्त कार्यक्रम सम्पन्न भएको हो । करिब एक सय जना नेपालीहरूको उपस्थिति रहेको सचेतना कार्यक्रममा प्रतिनिधिहरूले ट्राफिक नियम मात्र बुझाएनन्, उनीहरुले गाडीको कसरी सुरक्षा गर्न सकिन्छ भन्ने बारेमा समेत प्रष्ट पारे ।

प्रतिनिधिहरुले हरेक दिन गाडी स्टार्ट गरेर हिँड्नु पूर्व गाडीको पानी, तेल, टायरको हावा र गाडी मुनि केही छ कि चेक गर्नुपर्ने बताए । बाटोमा आफ्नो गतिलाई नियन्त्रण गर्दै आफू कुन लेनमा हिँड्ने र लेन फेर्दा गर्दा होस् या दायाँबायाँ मोड्दा समेत ट्राफिक साइन प्रदान गर्नुपर्ने र यदि त्यसो नगरेमा जरिवाना लाग्ने उनीहरुले जानकारी गराए । एक असल चालकले ५ देखि ८ सेकेन्डमा गाडीको सिसा हेर्नुपर्ने अधिकारीहरुको भनाइ थियो । सवारी साधन चलाउँदा फोनमा बोल्दा लाग्ने जरिवानाबाट बच्न आग्रह गर्दै उनले अधिकतम दुर्घटना हुने प्रमुख कारण फोनको प्रयोग रहेको हुँदा सचेत रहन प्रतिनिधिहरुले सुझाव दिए । कतार सरकारले कुनै पनि कामदार ट्राफिकको कारबाहीमा परोस् भनेर नचाहेको हुँदा नियमहरू पालना गर्न उनीहरुले आग्रह गरे ।

आफ्ना सवारी साधन लाइसेन्स नभएका साथीहरूलाई चलाउन दिनु पनि गैरकानूनी हुने हुँदा आगामी महिना सेप्टेम्बर १ देखि ट्राफिक जरिवाना परेका गाडीका मालिकहरू जरिवाना नतिरे कतारबाट हवाई तथा स्थल मार्गबाट बाहिरिन नसक्ने प्रतिनिधिहरुले जानकारी दिए । नो पार्किङमा पार्क गरेमा, गाडीमा फोन चलाउँदा गलत बाटोबाट ओभरटेक या क्रस गरेमा ट्राफिक जरिवानामा छुट नहुने समेत स्पष्ट पारिएको थियो । आफ्नो पार्किङमा अरूले गाडी पार्क गरेमा, गलत बाटो बाट गाडी चलाएमा फोटो खिचेर मेट्रास २ बाट रिपोर्ट गरिदिन सकिने समेत जानकारी दिइयो ।

फरक क्षमता भएका मानिसहरूको लागि छुट्टाइएको पार्किङमा समेत अरूले पार्क गरे जरिवाना लाग्ने हुँदा सचेत सुझाव दिए । ट्राफिक प्रहरी बाटोमा छैन भनेर जथाभावी सवारी चलाउँदा सीसीटीभी र हाइ डेफिनेसन क्यामेराको निगरानीमार्फत कारबाहीमा पर्ने गरेको बताए । साना सवारीभित्र रहेका सबैले बेल्ट लगाउँदा दुर्घटना हुँदा पनि बच्न सकिने र बेल्ट लगाएमा ६० प्रतिशतभन्दा बढी मृत्युदर घट्ने बताए ।

रेड लाइट बलेको बेला ट्राफिक सिग्नल क्रस गर्दा दुर्घटना भइ कसैको मृत्यु भएमा २ लाख रियाल, रातो बत्ती बलेको बेला क्रस गरेर ट्राफिक सिग्नल या पोल भाँचेमा ३ लाख रियाल जरिवाना लाग्नेछ । साथै एम्बुलेन्सलाई छोडेको लाइनमा पछि-पछि हिँडेमा पनि जरिवाना लाग्नेछ । अधिकारीहरुले 'मिस्टेक इफ अदर ड्राइभर इज मेन रिजन अफ एक्सिडेन्ट अफ कतार' रहेको हुँदा चनाखो हुन आवश्यक रहेको बताए । दुर्घटनाको फोटो, भिडियो बनाएर सञ्जालमा पोस्ट गरेमा १० हजार रियाल, लाइसेन्स नभइ चलाएमा १ महिनादेखि ३ वर्षसम्म जेल र १० देखि ५० हजारसम्म जरिवाना हुने जनाइयो । गाडीभित्र चुम्मा गरेमा, मदिरा या लागुऔषध सेवन गरेमा, खाना खाएमा या खाँदै, पिउँदै सवारी साधन हाँकेमा पनि जरिवाना लाग्ने जनाइयो । अत्यधिक गर्मीका कारण गाडीमा मोबाइलको चार्जर निकालेर छोड्न प्रतिनिधिहरुले आग्रह गरे ।

कार्यक्रममा ट्राफिक हेड तथा फस्ट लेफ्टिनेन्ट मेस आल अल मारीले उपस्थितहरूको जिज्ञासाको सम्बोधन गरेका थिए भने वृत्तचित्रसहित फैसला अल हुवादिले उपस्थितलाई सहजीकरण गरेका थिए । नेपाली समुदायका तर्फबाट कतारस्थित नेपाली दूतावासका प्रथम सचिव कृष्ण पौडेल, परिषद्का कार्यवाहक अध्यक्ष कृष्ण पन्थी, एनआरएनए आईसीसीका उपाध्यक्ष राज रेग्मी, प्रोफेसर रमजान अलि मियाँलगायतको उपस्थिति रहेको थियो । नेपाली नियोगका तर्फबाट पौडेल र नेपाली समुदायका तर्फबाट पन्थीले कतार सरकार र ट्राफिक महानिर्देशनालयलाई आभार व्यक्त गरेका थिए भने पन्थीले एनसीसीले सचेतना कार्यक्रममा सिकेका कुरा कतारमा रहेका संघ संस्थामार्फत श्रमिकहरूसमक्ष पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे ।

## बहसमा...

स्वामित्व रहेको कम्पनी/बैंक भनिनुपर्ने' महासंघको पत्रमा उल्लेख छ ।

संसदमा विचाराधीन भ्रष्टाचार निवारण ऐन, ०५९ लाई संशोधन गर्न बनेको विधेयक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमा निजी क्षेत्रको विषय समावेश छ ।

जहाँ 'प्रचलित कानून बमोजिम स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, कम्पनी, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, बैंक, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्था' लाई 'सार्वजनिक संस्था' को रुपमा परिभाषित गरिएको छ । प्रस्तावित यो परिभाषालाई संसदलाई स्वीकार गरे अख्तियारले कम्पनी, बैंक, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्थाको आर्थिक कारोबारमाथि अनुसन्धान गर्ने अधिकार अख्तियारले राख्नेछ ।

यसलाई महासंघले संविधानसँग अमिल्दो व्यवस्था रहेको बताएको हो ।

आफ्नै पुँजी, ज्ञान, श्रम र सीपको लगानीबाट मुलुकको आर्थिक विकासको लक्ष्य पूरा गर्न सहयोग गरिरहेको उल्लेख गर्दै महासंघले लगानीमैत्री कानुनी प्रबन्ध गर्दा राज्यले निजी क्षेत्रबाट थप योगदान लिन सक्ने बताएको छ । 'निजी क्षेत्रको लगानी आकर्षित गर्न राज्यका कानुनी प्रबन्ध र नियामक निकायबाट प्रवाह हुने सेवा सहज, सरल, दिगो र भरपर्दो हुनु पनि आवश्यक छ,' समितिमा पत्रमा भनिएको छ ।

अख्तियार क्षेत्राधिकारको विषयमा बहस चलिरहेका बेला उद्योग वाणिज्य महासंघले निजी क्षेत्रमा प्रवेश गरे त्यो संविधान विपरित हुने भन्दै आफूहरु कानूनी उपचारका लागि अदालत जाने चेतावनी समेत दिएका छन् । यस्तो चेतावनी राज्य व्यवस्था समितिका नेतृत्व र सदस्यहरूलाई दिइएको छ ।

# शर्तसहित टिकटक खुला

**काठमाडौं/मस–**नेपाल सरकारले शर्तसहित सामाजिक सञ्जाल 'टिकटक' खोल्न दिने निर्णय गरेको छ ।



नेपाल सरकार -मन्त्रिपरिषद् को बिहीबार बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

सबै सामाजिक सञ्जाललाई समान व्यवहार गर्न र आवश्यक नियम, कानुन बनाउन गत साउन २४ गते सञ्चारमन्त्री, सचिव र नेपाल दूरसञ्चार प्राधिकरणका अधिकारीको छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको निर्देशनका आधारमा सञ्चार मन्त्रालयले उक्त प्रस्ताव तयार गरेको थियो । टिकटकको प्रयोग गरेर विकृती बढाएको भनी टिप्पणी भएपछि तत्कालीन सरकारले गत कात्तिक २७ गते टिकटिकमाथि प्रतिबन्ध लगाएको थियो ।

### नवौं तामाङ ज्ञान महोत्सव सम्पन्न

# भाषा, संस्कृतिको पुनर्जागरणमा जोड

**काठमाडौं/मस–** नवौं तामाङ ज्ञान महोत्सव बिहीबार सम्पन्न भएको छ । तामाङ पहिचान दिवसको अवसरमा प्रज्ञा प्रतिष्ठानमा तामाङ समुदायका बौद्धिक एवम् प्राज्ञ व्यक्तिहरूको सहभागितामा ज्ञान महोत्सव सम्पन्न भएको हो ।



तामाङ पहिचान दिवसको अवसरमा हरेक वर्ष भदौ ६ गते तामाङ ज्ञान महोत्सव आयोजना गरिँदै आएको छ । भोटे, मुर्मु जस्ता शब्दले सम्बोधन गर्दै आएको तामाङ जातिलाई १९८९ साल भदौ ६ गते तत्कालीन प्रधानमन्त्री भीमशमशेर राणाले 'तामाङ' लेख्न-लेखाउन इस्तिहार जारी गरेको दिनलाई पहिचान दिवसको रूपमा मनाउने गरिएको छ ।

नेपाल प्राज्ञ प्रतिष्ठानका कूलपति भूपाल राईको प्रमुख आतिथ्यता र तामाङ ज्ञान महोत्सव आयोजक समितिका संयोजक निष्णु थिङको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा तामाङ इतिहास, संस्कृति र वर्तमान अवस्थाका बारेमा छलफल गरिएको थियो ।

कार्यक्रममा नेपाल प्राज्ञ प्रतिष्ठानका कुलपति राईले नेपाल सबै जातिको साझा थलो भएको बताउँदै आदिवासीले प्रादुर्भाव गरेका ज्ञान, सिद्धान्तले नेपाललाई चिनाउन सफल भएको बताए । तामाङले आफ्नो पहिचान पाएको दिनलाई सम्झना गर्दै प्रज्ञामा यो कार्यक्रम गर्न पाउँदा आफूलाई खुसी लागेको उनले बताए ।

तामाङ ज्ञान महोत्सव आयोजक समितिका संयोजक थिङले इतिहासमा तामाङ जातिलाई हेपेर बोल्ने गरेको कुरा मन नपरेपछि आफ्ना पुर्खाले पहिचानका लागि विद्रोह गरेर आजकै दिन 'तामाङ' लेख्न पाएको बताउँदै यो दिन आफ्नो समुदायका लागि विशेष भएको बताए । आदिवासीको ज्ञान, सीप, क्षमतालाई राज्यले मास्न खोजेको भन्दै उनले आफ्नो अस्तित्व रक्षाका लागि ज्ञान महोत्सव आयोजना गर्दै आइरहेको बताए ।

त्यसैगरी तामाङ डाजाङका अध्यक्ष फुलकुमार बोम्जनले स्वागत मन्तव्य राख्दै तामाङ भाषा संस्कृतिलाई अक्षरमा मात्र खोज्न थालिएकाले सांस्कृतिक अस्तित्व खतरामा पर्न लागेको बताए । तामाङ भाषालाई मूलधारको भाषाभन्दा जहिले तल राखेर हेरिएको, कुनै स्कुल तथा कलेजमा तामाङका बारेमा कुरा नगरिएकाले अहिले अक्षरमा संस्कृति नभेटिने भन्दै उनले अब भाषा संकृतिको पुनर्जागरण गर्नुपर्ने बताए ।

मगर प्राज्ञिक परिषद्का सदस्य सचिव डा विष्णु कुमार सिंजाली मगरले आदिवासीको संस्कृति कमजोर नभएपनि राज्यले यसलाई कमजोर बनाउन खोजेको विषय उठाउँदै अस्तित्व खोजीको नयाँ युग शुरु गर्नुपर्ने बताए । कार्यक्रममा बोल्ने क्रममा ताम्सालिङ संयुक्त संघर्ष समितिका प्रवक्ता जय गोलेले राज्यले नै आदिवासीको भाषा संस्कृति बचाउन पहल गर्नुपर्ने भनाइ राखे ।

त्यसैगरी नेपाल तामाङ घेदुङका महासचिव जगत दोङले लामो समयको संघर्षपछि बागमती प्रदेशमा तामाङ भाषालाई समावेश गरिएको भन्दै यसरी नै भाषा विस्तार र संरक्षणमा लाग्नुपर्नेमा जोड दिए । तामाङ अन्तर्राष्ट्रिय परिषद्का महासचिव टासी लामाले अहिले पनि विश्वभर छरिएर रहेका तामाङहरुले आफ्नो थर यही हो भनेर लेख्नलाई ज्ञात नभएको बताउँदै उनले यो विषयमा सबैलाई तामाङ समुदायले गम्भीररुपमा लिनुपर्ने बताए । तामाङ समुदायको ज्ञानले तामाङ मात्र नभइ सिंगो देश र मानव जातिलाई संकृति सिकाएको भन्दै उनले यसको जगेर्नामा लाग्न सबैलाई आग्रह गरे ।

कार्यक्रममा अजितमान तामाङले विद्धत प्रवचन दिएका थिए । तामाङ संकृति, भाषा, कला र इतिहासका बारेमा उनले प्रवचनबाट सबैलाई आफ्नो अस्तित्व र यसको रक्षा कसरी गर्न सकिन्छ भन्नेबारे विस्तृतमा जानकारी गराएका थिए ।

कार्यक्रममा तामाङ भाषाका भेद र सरकारी कामकाजमा प्रयोग भन्ने प्रस्तुति सत्रमा त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा तारामणि राईले 'तामाङ भाषाका भौगोलिक भाषिक भेद', भाषा आयोगका सचिव डा. लोक बहादुर लोप्चनले 'बागमती प्रदेशमा तामाङ भाषा सकारी कामकाजको भाषा कार्यान्वयन के हुँदैछ ?', तामाङ अध्ययन प्रतिष्ठानकी अनुसन्धानकर्ता संजिला मोक्तानले 'डाब्जोङमा भाषा पाठशालाको स्थापना र तामाङ पहुँच (वि स १९६८-२०१८)', अधिवक्ता रवीन्द्र थिङले 'राजनीति, न्याय प्रणाली र तामाङ समुदाय' तथा तामाङ डाजाङका अध्यक्ष फुलकुमार बोम्जनले 'तामाङ डाजाङको संक्षिप्त इतिहास' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्यसैगरी 'वोन परम्परा र द्वन्द्व व्यपस्थापन' विषयमा भएको अन्तरक्रियामा भाग लिँदै निमा तामाङले 'तामाङ समाजमा वोन परम्परा', निष्णु थिङले 'तामाङ समाजमा द्वन्द्व व्यवस्थापन', त्रिविका उपप्राध्यापक चतुर्भुज केवरतले ' आत्मकथा सिद्धान्तको आलोकमा अमृत योञ्जन तामाङको तिलपुंगे ठिटोको अध्ययन',अनुसन्धानकर्मी उदय थिङले 'सञ्चार क्षेत्रमा तामाङ समुदायको गलत प्रयोग र त्यसले तामाङको पहिचान निर्माणमा परेका असरहरू : पहिचानको पुनार्दावी' शीर्षकमा आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यकमको बृहत् प्यानल छलफलमा 'किन तामाङ आन्दोलन उठ्न सकेन ?' शीर्षकमा पनि छलफल भएको थियो । छलफलमा राजु स्याङतानले सहजकर्ताको भूमिका निर्वाह गरेका थिए । डा.गणेश योञ्जन, सुनी लामा, निष्णु थिङ र राजेन्द्र महर्जनले भाग लिएका थिए ।

# परिवर्तन गाउँपालिकाको वार्षिक समीक्षा

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ६ भदौ

परिवर्तन गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा सम्पन्न गरेको छ । गाउँपालिकाको आयोजनामा गाउँपालिकाको बहुउद्देश्यीय सभाहल पुतलाचौरमा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेको हो ।

परिवर्तन गाउँपालिकाका अध्यक्ष सुक बहादुर बुढा मगरको अध्यक्षतामा भएको कार्यक्रममा परिवर्तन गाउँपालिकाका उपाध्यक्ष कलादेवी खत्रेनी,परिवर्तन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम जि.एम, परिवर्तन गाउँपालिका -३ का वडाध्यक्ष खीम विक्रम चन्द, ४ का वडाध्यक्ष मानसिङ बुढा, ५ का वडाध्यक्ष दिल बहादुर वली, ६ का वडाध्यक्ष भरत कुमार बुढा लगायत परिवर्तन गाउँकार्यपालिका सदस्यहरु,वडा सदस्यहरु, परिवर्तन गाउँपालिकाका विभिन्न शाखामा कार्यरत प्रमुखहरु,कर्मचारीहरु र परिवर्तन गाउँपालिकाभित्रका वडा सचिवहरु लगायतको सहभागिता रहेको थियो ।

गाउँपालिकाका मगरले एक व्यक्ति मात्र राम्रो काम गर्छु भनेर नहुने र जनप्रतिनिधि र कर्मचारीबीच राम्रो सहकार्य भएमात्र सफलता प्राप्त गर्न सकिने बताए ।

साथै विषयगत शाखाका प्रमुख तथा वडा सचिवहरुलाई राम्रो समीक्षा गर्न सफल भएकोमा धन्यवाद समेत व्यक्त गरे ।

प्रमुख प्रशासकीय अधिकृत प्रेम जि.एमले वार्षिक समीक्षा कार्यक्रमले योजना निर्माण, सम्पन्न र उपलब्धीको समीक्षा बताउँदै जनप्रतिनिधि र कर्मचारीबीच विश्वास बढ्ने बताए ।

परिवर्तन गाउँपालिका विभिन्न विषयगत शाखाका प्रमुखहरुले आ-आफ्नो शाखाको बारेमा जानकारी गराएका थिए । परिवर्तन गाउँपालिका शिक्षा शाखा प्रमुख बालाराम वलीले शिक्षा शाखाको बारेमा भएका क्रियाकलापहरुको बारेमा जानकारी गराए ।

स्वास्थ्य शाखा प्रमुख दिपक घर्ती मगरले स्वास्थ्य शाखाको बारेमा भएका क्रियाकलापको बारेमा जानकारी गराए । कृषि शाखा प्रमुख भिम कुमारी बुढा मगरले कृषि शाखाले गरेको क्रियाकलापको बारेमा जानकारी गराइन् । पशु सेवा शाखा प्रमुख विष्णु बुढा मगरले पशु सेवा शाखाले गरेको क्रियाकलापको बारेमा जानकारी गराइन् ।

परिवर्तन गाउँपालिका रोजगार सेवा केन्द्रका संयोजक अनिता भुसालले रोजगार सेवा केन्द्रले गरेका क्रियाकलापको बारेमा जानकारी गराइन् ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका सहायक निरीक्षक विनिता खड्काले महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले गरेका क्रियाकलापको बारेमा जानकारी गराइन् । विपद व्यवस्थापन शाखा संयोजक विकास विक्रम आलेले विपद व्यवस्थापन शाखाले गरेका क्रियाकलापको बारेमा जानकारी गराए ।

# भ्रमणले नेपाल–भारत आपसी सद्भाव अभिवृद्धि भएको छ : परराष्ट्रमन्त्री

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले आफ्नो भारत भ्रमणले नेपाल र भातरबीचको आपसी सद्भाव अभिबृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको बताएकी छन् । भारतको चार दिने औपचारिक भ्रमण सकेर बिहीबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै उनले यस भ्रमणबाट दुई मुलुकका बीचमा रही आएको मैत्रीपूर्ण, सहयोगात्मक, बहुआयामिक र घनिष्ट सम्बन्धलाई आपसी समानता र लाभका आधारमा थप मजबुत तुल्याउन योगदान गरेको बताइन् ।

मन्त्री डा.राणाले भनिन्,'भ्रमणले आगामी दिनमा उच्चस्तर एवं विभिन्न तहमा सम्पर्क विस्तार गर्न तथा द्विपक्षीय संयन्त्रहरु समेतका माध्यमबाट आपसी हितका लागि सहयोग र सहकार्य प्रवर्द्धन गर्न मार्गदर्शन समेत गरेको मैले विश्वास लिएको छु ।'



उनले भारतका विदेशमन्त्री एस जयशङ्करको निमन्त्रणामा गत आइतबार नयाँ दिल्ली गएको र दुई देशको उच्चस्तरीय भ्रमण आदानप्रदानको कार्यक्रमअनुसार नै यो भ्रमण भएको बताइन् । उनले भारतका प्रधानमन्त्री र विदेशमन्त्रीसँग सौहार्दपूर्ण रुपमा भेटवार्ता भएको तथा ती भेटमा नेपालको हित र चासोका साथै आपसी हितका विविध विषयहरुमा कुराकानी भएको जानकारी दिइन् ।

भ्रमणका क्रममा सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग नयाँ दिल्लीमा शिष्टाचार भेट भएको र नेपाल र भारतबीच रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ तुल्याउने एवं आपसी हितका विषयमा विद्यमान सहकार्य विस्तार गर्ने वषयमा विचारको आदानप्रदान भएको उनले जानकारी दिइन् ।

साथै त्यसअवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट भारतका प्रधानमन्त्री मोदीलाई नेपालको राजकीय भ्रमणको निमन्त्रणा पत्र पनि हस्तान्तरण गरेको मन्त्री डा.राणाले बताइन् ।

सोही दिन मन्त्री डा.राणाले भारतीय समकक्षी विदेशमन्त्री एस जयशङ्करसँग पनि भेटवार्ता गरेकी थिइन् । सो भेटवार्तामा द्विपक्षीय सम्बन्ध र आपसी हितका साथै ऊर्जा, व्यापार तथा पारवहन, कनेक्टिभिटी, लगानी, हवाईमार्ग, पूर्वाधार निर्माण, बाढी तथा डुबान समस्या, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, खेलकूद, सीमा पूर्वाधारलगायत सहयोग आदानप्रदान र सहकार्यबारे छलफल भएको उनले बताइन् ।

यो उनी परराष्ट्रमन्त्री नियुक्त भएपछिको पहिलो विदेश भ्रमण हो । मन्त्री डा.राणा बिहीबार नियमित उडानबाट अपराह्न ४ बजे काठमाडौं आएकी हुन् ।

# मानव बेचबिखन रोकथाममा सरकारले सक्रियता बढाउँदै

**सुशील दर्नाल/रासस**
काठमाडौं, ६ भदौ

मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणमा पछिल्लो समयमा झन् सक्रियता देखिएको छ। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बन्धक बनाइएका नेपालीहरुको उद्धार, स्वदेश फिर्ता र पारिवारिक पुनर्मिलनलाई तीव्रता भएको हो । मन्त्रालयले खासगरी सडक निर्माणमा काम लगाउने र आकर्षक पारिश्रमिक दिने आश्वसनसहित भारतको कस्मिरमा पुऱ्याइएका र विना ज्याला जोखिमयुक्त तरिकारले द्वन्द्वग्रस्त क्षेत्रमा जवरजस्ती काममा लगाइ बन्धक बनाइ राखेका नेपालीहरुको उद्धारमा तीव्रता दिएको हो ।

पछिल्लो समयमा बन्धक बनाइएका धनुषा जिल्लाका ७ जना र सिरहा जिल्लाका २१ जना गरी (२४ देखि ६० वर्ष सम्मका) जम्मा २८ जना पुरुषहरुका सम्बन्धमा भारतीय गैरसरकारी संस्था किन इन्डियामाफर्त जानकारी हुन आएको मन्त्रालयका सचिव दिनेश भट्टराईले जानकारी दिए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अग्रसरता र नेतृत्वमा एवं भारतस्थित नेपाली राजदूतावाससँगको समन्वय तथा किन इन्डियाको प्राविधिक सहयोग र सहकार्यमा उक्त पीडित/प्रभावितहरुलाई उद्धार गरी जनकपुर, धनुषा ल्याइएको मन्त्रालयले जनाएको छ ।

मानव बेचबिखनबाट पीडित र प्रभावितहरुको उद्धार गरी र संरक्षण कार्यलाई मन्त्रालयले सदैव उच्च प्राथमिकतामा राखेको छ ।

यो घटनाको संवेदनशीतालाई मध्यनजर गरी धनुषा ल्याइएका २८ जना पुरुषहरुलाई महिलामन्त्री नवल किशोर साह (सुडी), मन्त्रालयका सचिव भट्टराई र सहसचिव आभा श्रेष्ठ कर्णको समुपस्थितिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, जिल्ला समितिमार्फत निजहरुको परिवारसँग पुनर्मिलन गराइएको छ । सो उद्धार कार्यमा लागेको यथार्थ खर्च मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थापित पुनर्स्थापना कोषबाट व्यहोरिने छ ।

मानव बेचबिखन अत्यन्त संवेदनशील विषय रहेको र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम त्यस्तो घटनाबाट पीडित/प्रभावितहरुको सहमतिमा मात्र पहिचान खुलाउन सकिने व्यवस्था भए बमोजिम निजहरुको पहिचान गोप्य राखिएको छ ।

विषायवस्तुका



संवेदनशीलतालाई सरोकारवाला सबैले उचित सम्मान गर्न मन्त्रालयले आग्रह पनि गरेको छ । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले नेपालमा हुने मानव बेचबिखनलाई पूर्ण रुपमा रोक्नका लागि राज्य वा सरकार मात्रै लाग्ने भन्दा पनि सरोकारवाला निकाय र सिंगो समाज नै लागिपर्नुपर्ने बताइन् ।मानव बेचबिखनको मुख्य कारण अशिक्षा र बरोजगारी, घरेलु हिंसा, घरमा श्रीमान र उनका परिवारले हेला गर्ने, कुटपिट गर्ने र छोराछोरी लिएर अलग बस्ने बाध्यता भएका महिलाहरू नै बढी सिकार हुने गरेको उनको भनाइ छ।

'हिंसामा परेकाहरू सधैं अवसरको खोजीमा हुन्छन् । उनीहरूलाई कसैले प्रलोभनसहित अवसर देखायो भने ती महिलाहरू चाडै त्यस्ता दलालको पञ्जामा पर्छन्' उनले भनिन् । महिला मन्त्रालयले बेचबिखन रोक्न समाजमा चेतना फैलाउनुका साथै विद्यालयदेखि नै बालबालिकालाई त्यसका बारेमा शिक्षित गराउन पाठ्यक्रममै समावेश गर्ने तयारी समेत गरेको छ ।

'पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउनका लागि मन्त्रालय लागि परेको छ, समाजमा तुरुन्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीहरू समावेश गर्न जरुरी पनि छ' महिला मन्त्रालयका सूचना केशवप्रसाद अधिकारीले भने । अभियन्ता गौरा नेपालीले शंकास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने गरी सबै निकाय सक्रिय भएको खण्डमा मानव बेचबिखन तथा ओसारपसारलाई न्यूनीकरण गर्न सकिने बताए ।

मन्त्रालयले सामूहिक रुपमा मानव बेचबिखनको जोखिममा रहेका समुदाय र क्षेत्र पहिचान गरी मानव बेचबिखन रोकथामका लागि अन्तर्क्रिया, सडक नाटक, ऱ्याली, घरदैलो जस्ता कार्यक्रम समेत गर्दै आएको छ। मानव बेचबिखनविरुद्ध क्रियाशिल सरकारी र गैरसरकारी संघसंस्थाहरूसँग समन्वय गर्दै मन्त्रालयले पीडित प्रभावितहरूलाई आवश्यक सहयोग र परामर्श पनि प्रदान गर्दै आएको छ ।

मानव बेचबिखनका मुद्दा अनुसन्धान गर्ने प्रहरीलाई त्यसका बारेमा अझै धेरै ज्ञान दिने र उनीहरूलाई बेचबिखन सम्बन्धी अपराधको गाम्भीर्यता बुझाउने र भारतीय सीमा नाकाहरुमा संघसंस्था र नागरिक समाजसँग मिलेर निगरानीलाई अझै प्रभावकारी बनाइने सरकारको योजना छ ।


## साधारण सभा सम्वन्धि सूचना

**प्रकाशित मितिः २०८१/०५/०७**

यस सस्थाको मिति २०८१/५/५ गते बसेको सञ्चालक समितिको वैठकले संस्थाको चौधौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बोलाउने र यस सभामा तल उल्लेखित विषय उपर छलफल गर्ने निर्णय गरेकाले संस्थाका शेयरधनीहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

सभा बस्ने मिति : २०८१/५/२८ गते
सभा हुने स्थान : जर्मन होम्स हस्पिटालिटी, गट्ठाघर भक्तपुर
सभा बस्ने समय : दिनको ४:०० बजे

**सभामा छलफल गरिने विषयहरु :**

१) सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२) लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
३) कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
४) सस्थाको आर्थिक वर्ष २०८०/०८१ को आय व्ययको विवरण सम्बन्धमा ।
५) आ.व.२०८१/८२ को आयव्ययको परिक्षण गर्न लेखा परिक्षक नियुक्त गरि पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) लाभांश वितरण सम्वन्धमा ।
७) आ.व.२०८०/०८१ मा दिईएको छुट र मिनाहा तथा आर्थिक कारोबार अनुमोदन सम्वन्धमा ।
८) कर्जामा लिने ब्याज र निक्षेपमा दिने ब्याज तोक्ने सम्बन्धमा ।
९) निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
१०) बिविध ।

**पिपल वृक्ष वचत तथा ऋण सहकारी संस्था लि.**
**नयाँ वानेश्वर काठमाण्डौ**



**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

## लेखापरीक्षणका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०७ गते**

यस ललितपुर महानगरपालिकाका क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको आ.व २०८०/०८१ सम्मको अन्तिम लेखापरीक्षणका लागि योग्यता पुगेका लेखापरीक्षकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमका कागजातहरू सहित स्वयम् उपस्थित भई ललितपुर महानगरपालिकाको शिक्षा महाशाखामा निवेदन पेश गर्नु हुन साथै कम्पनीद्वारा सञ्चालित संस्थागत विद्यालयहरूले सोही मितिभित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित लेखापरीक्षक फर्म र कम्पनीको नाम सिफारिस गरी पठाउनु हुन अनुरोध छ । तोकिएको मितिभित्र सिफारिस भई नआएमा ललितपुर महानगरपालिका कार्यालयले नै लेखापरीक्षक नियुक्ति गरी पठाउने व्यहोरा समेत जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. आ.व. २०८०/०८१ सम्मको लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजत पत्रको प्रतिलिपि ।
२. आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. नेपाल चार्टड एकाउन्टेण्ट संस्थामा लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेका प्रमाणपत्रहरू ।
४. सामुदायिक विद्यालय तथा गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयकको हकमा लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षकहरू स्वयम्ले लेखापरीक्षण गर्ने आशयको निवेदन पेश गर्नु पर्नेछ ।

**विस्तृत जानकारीका लागि महानगरपालिकाको शिक्षा महाशाखामा सम्पर्क गर्नु हुन ।**

**ललितपुर महानगरपालिका**
**शिक्षा महाशाखा**



## युएईमा रोजगार | कम्पनी: CHINA RAILWAY 18TH BUREAU GROUP(L.L.C)

शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/०६ | चलानी नं.: ६०२२३९४४ | L.T. No.: 309227

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १४ गते (30 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737
9801080059, 9801044492, 9817002440, 9801080096



## साउदीमा रोजगार | कम्पनी: Redaa Developing Company Limited is one Person Company

शहर: Dammam

पूर्व स्वीकृत मिति: २०८१/04/२३ | चलानी नं.: ६०२२३१९९ | LT. No.:308535 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ४२,८५२ | | | | | | | |
| 3. | Construction Worker | 27 | 0 | | 1000 | ३५,७१० | | | | | | | |
| 4. | Kitchen Worker | 10 | 0 | | 1000 | ३५,७१० | | | | | | | |
| 5. | Painter | 4 | 0 | | 1200 | ४२,८५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १४ गते (30 August 2024) मा हुनेछ ।**



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



**यसै कम्पनीको** Cattering Department **मा** Camp Boss, Intercontinental Cook/Senior Cook, Baker & Pastry Chef, Assistant Cook Cum Chapati Maker, Room Boy, Waiter Senior, Kitchen Helper, Lundryman, Store Keeper **पनि माग भएकोले इच्छुकले निशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला । साथै साउदी** Valid **लाइसेन्स हेवी तथा लाईट ड्राइभर पनि आवश्यक छ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्नु विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Excellent Manpower Services Pvt. Ltd.
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## कुवेतमा रोजगार | कम्पनी : BRAX COMPANY FOR DELIVERY CONSUMER ORDERS.

शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/१०/०५ | चलानी नं.: ६०२१३३२६ | L.T. No.: 298400 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver/ Private Car Driver | 97 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५९,१७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अर्न्तर्वार्ता एभरेष्ट ड्राईभिङ सेन्टर नागढुङ्गा, पोखरामा २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।**
**अर्न्तर्वार्ता मुख्य कार्यालय काठमाडौंमा २०८१ भदौ १० र १३ गते (26 & 29 August 2024) मा हुनेछ ।**
**अर्न्तर्वार्ता टाइमलेस मोमेन्ट, विर्तामोड, झापामा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।**
**अर्न्तर्वार्ता रोज पार्टी प्यालेस, वुटवल, रूपन्देहीमा २०८१ भदौ १२ गते (28 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



